**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १९ गते शनिबार ❑ 2 May. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पञ्चशील र चार आर्य सत्य सिद्धान्त राष्ट्रिय एकताका मार्गनिर्देशक हुन् : राष्ट्रपति

**रासस**
काठमाडौं, १८ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान परिवर्तित राजनीतिक परिवेशमा पनि राष्ट्रिय एकता, सहिष्णुता र समावेशी विकासलाई सुदृढ बनाउन बुद्धका पञ्चशील, चार आर्य सत्य सिद्धान्त मार्गदर्शक बन्न सक्ने बताउनुभएको छ।

२५७०औँ बुद्ध जयन्तीका अवसरमा शुक्रबार आयोजित 'बृहद् बौद्धसभा'लाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले आजको विश्व अनेकन चुनौती, द्वन्द्व, असहिष्णुता, जलवायु सङ्कट र मानवीय मूल्यको क्षयबाट गुज्रिरहेको सन्दर्भमा बुद्धका उपदेशहरू अझ सान्दर्भिक बन्दै गएको स्पष्ट पार्नुभयो।



उहाँले बुद्धका अहिंसा, मैत्री, करुणा र प्रज्ञाका सन्देशलाई व्यवहारमा रूपान्तरण गर्न सकेमा मात्र दिगो शान्ति र समृद्धिको आधार निर्माण गर्न सकिने बताउनुभयो। बुद्धका मार्गदर्शनले व्यक्ति, समाज र राष्ट्रमात्र नभई समग्र विश्वलाई नै सकारात्मक बाटोतर्फ डोर्याउने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले शान्ति, सहअस्तित्व, मध्यम मार्ग र करुणामा आधारित बुद्धको दर्शनले विश्व समुदायलाई स्थायित्व, सहकार्य र आपसी विश्वासको मार्गतर्फ अग्रसर गराउन महत्त्वपूर्ण योगदान दिन सक्ने सबैको विश्वास रहेको बताउनुभयो। उहाँले बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबैका लागि गौरवमात्र होइन, जिम्मेवारीको विषय पनि भएको भन्दै विविधता र बहुलताको समुचित व्यवस्थापन गर्दै शान्तिपूर्ण सहअस्तित्व कायम गर्नु आजको नेपालको आवश्यकता भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "वैशाख शुक्ल पूर्णिमाका पावन दिनमा बुद्धको जन्म, सम्यक् सम्बोधि (ज्ञान प्राप्ति) तथा महापरिनिर्वाणजस्ता त्रिसंयोग रहेको यो दिवस एक अद्वितीय क्षणको प्रतीक हो।"

## पोखरामा 'अपरेसन ३६५': छ सय ७५ मोटरसाइकल समातिए

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

जिल्ला प्रहरी कार्यालय कास्कीले सञ्चालन गरेको 'अपरेसन ३६५'अन्तर्गत हालसम्म ६७५ मोटरसाइकल नियन्त्रणमा लिएको छ।

मोटरसाइकलको स्वरूप परिवर्तन (मोडिफाइ) गरी चर्को आवाज निकाल्ने, ध्वनी प्रदूषण गर्ने तथा शान्ति सुव्यवस्थामा खलल पार्ने कार्य रोक्नका लागि प्रहरीले गत असोज २७ गतेदेखि जिल्लाभर लागू हुनेगरी 'अपरेसन ३६५' सञ्चालन गरेको थियो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारीसमेत रहनुभएका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले सोही क्रममा प्रहरीमाथि दुर्व्यवहार गर्ने २९ जनालाई समेत नियन्त्रणमा लिएर अभ्रद व्यवहार कसुरमा कारबाही गरिएको जानकारी दिनुभयो। "सवारीसाधनको साइलेन्सर परिवर्तन गरी आगोको झिल्का निकाल्ने र चर्को ध्वनि निकालेर समाजमा आतङ्क सृजना गर्ने गरिएको थियो। यसबारेमा नागरिकबाट प्रहरीलाई व्यापक गुनासो आएपछि हामीले अपरेशन सञ्चालन गरेका हौँ। अहिले यो अवस्था धेरै कम भएको छ", प्रनाउ बस्नेतले भन्नुभयो।

प्रहरील यस अपरेसनका क्रममा ट्राफिक प्रहरी तथा यातायात कार्यालयमा गरी रु एक करोड ८० लाख राजस्व सङ्कलन गरिएको जनाएको छ। देशको पर्यटकीय राजधानीसमेत रहेको पोखरामा मोडिफाइ गरिएका मोटरसाइकलबाट आतङ्क सृजना गर्ने कार्य भएपछि यो अभियान सुरु गरिएको प्रहरीले जनाएको छ। अहिले अभियानसँगै प्रहरीले सहर तथा ग्रामीण क्षेत्र दुवैमा यस्ता गतिविधि रोक्न विशेष निगरानी बढाउँदै लगेको छ। अवैध रूपमा परिवर्तन गरिएका मोटरसाइकलको जानकारी नजिकको प्रहरी कार्यालयमा दिन नागरिकलाई अनुरोध गरिएको प्रहरीले जनाएको छ। सवारीसाधन धनीले आफ्नो साधन 'मोडिफाइ' नगरी पूर्ववत् असली स्वरूपमा चलाउन र मोडिफाइ गर्ने कार्यमा ग्यारेज, वर्कसप र रिकन्डिसन हाउस सञ्चालकले समेत उक्त कार्य नगर्न/नगराउन पनि प्रहरीले अनुरोध गरेको छ। साथै अभिभावकहरूलाई समेत आआफ्ना छोराछोरीको व्यवहारका बारेमा सचेत रहन तथा छोराछोरीले आफ्नो सवारीसाधन मोडिफाइ गरेका छन् कि भन्नेबारेमा ध्यान दिनसमेत कास्कीले प्रहरीले आग्रह गरेको छ।

सवारी मोडिफाई गरी चलाइएको पाइएमा सवारीसाधन धनी र उक्त कार्यमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही हुने प्रनाउ बस्नेतले बताउनुभयो।

## जनादेशअनुसार अघि बढ्न कांग्रेस प्रतिबद्ध छः सभापति थापा

**रासस**
काठमाडौं, १८ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जनताले कांग्रेसलाई प्रतिपक्षमा बस्ने स्पष्ट जनादेश दिएकाले पार्टीले आगामी पाँच वर्ष जिम्मेवार, सशक्त र रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

शुक्रबार १३७औँ विश्व श्रमिक दिवसका अवसरमा 'लोकतन्त्र, ट्रेड युनियन र मानवअधिकारः समग्र श्रमिकको संवैधानिक अधिकार' भन्ने नारासहित नेपाल ट्रेड युनियन कांग्रेसद्वारा यहाँ आयोजित कार्यक्रममा सभापति थापाले



कांग्रेस जनादेशअनुसार अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो।

लोकतान्त्रिक मूल्य, मान्यताअनुरूप संसदीय प्रणालीभित्रै रहेर कांग्रेसले प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्ने उहाँले स्पष्ट पार्नुभयो। नेपाल ट्रेड युनियन कांग्रेस राष्ट्रिय परिषद्का अध्यक्ष योगेन्द्र कुँवरले सरकार श्रमिकका माग सुनुवाइ गरी समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

सोही कार्यक्रममा विभिन्न राष्ट्रबाट आएका श्रमिक अगुवाले श्रमिक अधिकारको संरक्षण, सामाजिक न्याय र समावेशी आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र र श्रमिक सङ्गठनबीच सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको थियो। कार्यक्रमका वक्ताहरूले श्रमिक अधिकार, सामाजिक सुरक्षा, न्यूनतम पारिश्रमिक, सुरक्षित काम गर्ने वातावरण र ट्रेड युनियनको भूमिकाबारे आआफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो।

## जिफन्टले मनायो अन्तरराष्ट्रिय श्रमिक दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

एक सय ३७औँ अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट अखिल नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट)ले काठमाडौँको भृकृटीमण्डपमा र्‍यालीको आयोजना गरेको छ। 'कामको अधिकार, श्रमको सम्मान, सीपको अभिवृद्धिः प्रविधिमैत्री प्रगति-श्रमिकसँग समृद्धि' भन्ने मूल नारासहित महासङ्घले मुलुकभर र प्रवासमा दिवस मनाएको हो।

महासङ्घका अध्यक्ष विनोद श्रेष्ठले श्रमिकको सम्मान, सीप विकास र उत्पादनशीलताका लागि आन्दोलनलाई रुपान्तरित गर्नुपरेको बताउनुभयो। उहाँले आजका श्रमिक भोलिका परिवर्तनका संवाहक भएकाले उनीहरूले राष्ट्रिय समृद्धिको नेतृत्व गर्नुपर्नेमा जोड दिनुभयो।

यसैबीच, दिवसका अवसरमा एमालेका अध्यक्ष केपी शर्मा ओलीले शुभकामना सन्देश दिँदै श्रमको मूल्य, मर्यादा र अधिकारको सङ्घर्षमार्फत

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## युवा प्रतिभा सम्मान १४ जना युवालाई

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकीले विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका १४ जना युवालाई सम्मान गरेको छ।


गण्डकी प्रदेशस्तरीय युवाप्रतिभा सम्मानबाट बिहिबार १४ जना युवाहरुलाई सम्मान अर्पण गरिएको हो। गण्डकी प्रदेशमा रहेर कृषि, कला, उद्यम, सञ्चार, अध्ययन अनुसन्धान लगायतका क्षेत्रमा योगदान पुर्‍याएका ४० वर्ष मुनिका युवाहरुलाई नगदसहित सम्मान गरिएको हो। यसरी पुरस्कृत हुनेहरुमा सञ्चार क्षेत्रबाट अन्नपूर्णकर्मी कविता श्रेष्ठ सहित अध्ययन अनुसन्धानको क्षेत्रबाट डा. राजकुमार थापा, स्वास्थ्य



क्षेत्रबाट डा शिशिर देवकोटा, शिक्षा क्षेत्रबाट अग्निधर भुषाल, युवा सशक्तिकरण तथा नेतृत्व बिकास क्षेत्रबाट पवन भूर्तेल, कलाक्षेत्रबाट ज्योति गुरुङ र हेमकान्ति गुरुङ, खेलकुदबाट रेखमाया गुरुङ, गीत संगीत क्षेत्रबाट सन्तोष बस्याल, सूचना प्रविधि तथा उद्यमशीलताबाट महेश गौतम, उद्यमशीलता र पर्यटन प्रवर्दन तर्फ अर्जुन भण्डारी, सामाजिक विकास तथा सुधारको क्षेत्रबाट सौगात वाग्ले, उद्यमशीलता तथा रोजगारीको क्षेत्रबाट दीपक कार्की तथा समाजसेवा र स्वयमसेवाको क्षेत्रबाट अंशु शेर्पा रहेका छन्।

उनीहरुलाई सामाजिक विकास युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, सचिव डा. शेषनारायण पौडेल, उपसचि घनश्याम पौडेल लगायतले सम्मान गरे। पुरस्कारका लागि मन्त्रालयले खुल्ला गरेको आवेदनमा कुल १६ जनाको आवेदन परेपनि १४ जना छनौट भएको प्रस्ताव मुल्याङ्कन समितिका संयोजक घनश्याम पौडेलले जानकारी दिए। मन्त्रालयका सचिव डा. शेषनारायण पौडेलले युवा उमेरले होईन सोचले निर्धारण गर्ने बताए। युवामा सकारात्मक सोच, सिर्जनशीलता, अनुशासन, ईमान्दारीता हुनुपर्ने बताए।

कार्यक्रममा सम्मानितहरुको तर्फबाट गण्डकी विश्वविद्यालयका उपप्राध्यापक समेत रहेका डा. राजकुमार थापा र सञ्चारकर्मी कविता श्रेष्ठले बोलेका थिए। कार्यक्रमको सञ्चालन नारायण प्रसाद बास्तोलाले गरेका थिए।




## पूर्व राजा ज्ञानेन्द्र शाह परिवार पोखराको 'छु मी' चाइनिज रेस्टुरेन्टमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

पूर्व राजा ज्ञानेन्द्र शाह परिवार सहित शुक्रबार पोखराको एक चाइनिज रेस्टुरेन्टमा लन्च गर्न पुगेसंगै रेष्टुरेण्ट परिवरले उहाँलाई स्वागत गरेको छ।

पोखराको बाराहीघाट स्थित ३१ पार्क होटल परिसर भित्र सञ्चालनमा रहेको 'छु मी' चाइनिज रेस्टुरेन्टमा उहाँ परिवार सहित लन्चका लागि पुग्नुभएको श्रोतले पोखरापत्रलाई जनाएको छ। पूर्व राजा शाह करिब तीन घण्टा उक्त रेस्टुरेन्टमा बिताउनुभएको थियो। उहाँसँगै पूर्व रानी कोमल राज्यलक्ष्मी देवी शाह तथा शाही परिवारका अन्य सदस्यहरू पनि उपस्थित हुनु

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

# रेखाको ५ गोलको सहायतामा पुलिस महिला गोल्डकपको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

देशको पर्यटकीय राजधानी पोखरामा शुक्रबारदेखि महिला गोल्डकप फुटबल प्रतियोगिता सुरु भएको छ। यो प्रतियोगिता पोखरामा आयोजना भएको महिलाको पहिलो प्रतियोगिता हो।

आरएस पोखरा फुटबल क्लबको आयोजनामा पोखरा रङ्गशालामा सञ्चालन भएको प्रतियोगिताको उद्घाटन खेलमा आयोजक आर एस पोखरा फुटबल क्लब माथि एकतर्फी ८ गोल बर्षाउदै नेपाल पुलिस क्लव महिला गोल्डकप फुटवल प्रतियोगिता २०८३ को फाइनलमा प्रबेश गरेको छ। शुक्रबार पोखरा रंगशालास्थित फुटबल मैदानमा भएको उद्धाटन खेलमा पुलिसले आयोजक माथि ८-० को सानदार जित निकाल्दै उपाधि नजिक पुगेको हो।

पुलिसको जितमा रेखा पौडेलले सर्वाधिक पाँच गोल निर्मला विक र साहारा लिम्बुले एक/एक गोलको योगदान दिनुभयो। पुलिसले थप एक गोल भने उपहार गोल प्राप्त गर्यो।



पाँचौ मिनेटमा रेखा पौडेलले क्रस गरेको बल गोलमा परिणत भएको थियो। खेलको दशौं मिनेटमा रेखाको पासमा निर्मला विकले गोल गर्दै अग्रता दोब्बर बनाउनु भयो। २७ औं मिनेटमा रेखाले पुनः गोल गर्दा ३५ औं मिनेटमा ह्याट्रिक पुरा गर्नु भयो। त्यसको २ मिनेट पश्चात रेखाले नै पुलिसका लागि अर्को गोल थप्नु भयो। खेलको सुरुवातबाट नै आयोजक माथि हावी भएको पुलिसले पहिलो हाफमा ५-० को अग्रता कायम गर्‍यो। पुलिसले दोस्रो हाफमा थप २ गोल गर्दा एक गोल उपहार स्वरुप प्राप्त गर्न सफल भएको हो। खेलको ५० औं मिनेटमा साहाराले गोल गर्नु भयो। ६० औं मिनेटमा रेखाले व्यक्तिगत पाचौं गोल गर्नु भएको हो। रेखा खेलको प्लेयरअफ दी म्याच समेत घोषित हुनु भयो। जित संगै पुलिस फाइनलमा प्रवेश गरेको छ। प्रतियोगितामा कुल चार टिमको सहभागिता रहेको छ। आयोजक आर एस र पुलिस संगै त्रिभुवन आर्मी क्लब र संकटा क्लबको सहभगिता रहेको छ। प्रतियोगिताअन्तरग शनिबार त्रिभुवन आर्मी क्लब र संकटा क्लब बीच दोस्रो खेल हुनेछ। उक्त खेलको विजेताले फाइनलमा पुलिसको सामना गर्नेछ। प्रतियोगिताको विजेताले नगद पाँच लाख रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले तीन लाख रुपैयाँ प्राप्त गर्नेछ। प्रतियोगिताको उद्धाटन ड्रिम हाउस स्पोर्ट्सका सञ्चालक रविन कार्कीले गर्नु भएको थियो। गण्डकी प्रदेशकै इतिहासमा पहिलो पटक पोखरामा महिला गोल्डकपको आयोजना भएको हो। यस अघि सम्म पोखरामा महिला तर्फको ठूलो प्रतियोगिता हुन सकेको थिएन्।



पोखरा २२ पुम्दी–भुम्दीको ढुंगेपानीबाट पोखरा सहित फेवाताल नियाल्दै पर्यटकहरु। पोखरामा हाल पर्यटकहरुको उत्साहजनक सहभागिताल रहेको व्यवसायीहरु बताउछन्। तष्विर दीननाथ बराल/पोखरा

# फेवातालमा पौडी खेल्ने क्रममा १० वर्षीय बालकको ज्यान गयो

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा पौडी खेल्ने क्रममा १० वर्षीय बालकको डुबेर ज्यान गएको छ।

पोखरा महानगरपालिका-१८ खपौदी निवासी आरेस लामा शुक्रबार बिहान करिब ११:१५ बजे तालमा पौडी खेल्ने क्रममा अचानक डुबेर बेपत्ता हुनु भएको थियो।

घटनाबारे जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हेडक्वार्टर कालिका, कास्कीबाट उद्धार टोली परिचालन गरिएको थियो। सशस्त्र प्रहरी नायव निरीक्षक ताराचन्द्र शर्माको कमाण्डमा खटिएको ७ सदस्यीय गोताखोर टोलीले करिब १८ फिट गहिराइबाट बालकलाई अचेत अवस्थामा उद्धार गरेको थियो।

उद्धारपछि तत्काल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) लगिएकोमा दिउँसो १२:१५ बजे चिकित्सकले उहाँलाई मृत घोषणा गरेका थिए। यस दुःखद घटनाले पोखराका ताल तथा जलाशय क्षेत्रमा बालबालिकाको सुरक्षाप्रति थप सतर्कता अपनाउनुपर्ने आवश्यकता औंल्याएको छ। गर्मी सिजनमा विशेषगरी अभिभावकको निगरानी, सुरक्षित पौडी अभ्यास र चेतनामूलक कार्यक्रमको आवश्यकता अझ बढेको देखिन्छ।

# लेकसिटी कलेजमा समावेशिताको सन्देश

**इविक कर्माचार्य**
पोखरा, १८ बैशाख

केही समयका लागि आँखामा पट्टी बाँधिँदा संसार अचानक शून्यजस्तै हुन्छ। न देखिने बाटो, न चिनिने अनुहार, केवल अनुमान र अनुभूतिको भरमा अघि बढ्नुपर्ने अवस्था देखीन्छ।

पोखरा महानगरपालिका वडा न ४ गैह्रापाटन स्थित लेकसिटी कलेजका विद्यार्थीहरूले यस्तै अनुभवसँग साक्षात्कार गरे, जहाँ श्रवण दृष्टि विहीन संघ नेपालको आयोजनामा कलेज परिसरमा हालै एक फरक किसिमको सचेतनामूलक कार्यक्रम सम्पन्न भयो।

कार्यक्रम केवल औपचारिक भाषणमा देखिएन। यसले सहभागीहरूलाई प्रत्यक्ष अनुभूतिमार्फत अपाङ्गता भएका व्यक्तिहरूको जीवन बुझ्ने अवसर दियो। समावेशी समाज निर्माणको



सन्देश बोकेको यस कार्यक्रममा वक्ताहरूले अधिकार, अवसर र संवेदनशीलताको महत्ववारे प्रष्ट पारेका थिए। संस्थाकी संयोजक प्रतिभा सुवेदीले श्रवण दृष्टि विहीनताको वास्तविकता उजागर गर्दै भनिन्। "हामीले उनीहरूलाई दया होइन, अवसर दिनुपर्छ।" उनका अनुसार, सही सहयोग र वातावरण पाएमा यस्ता व्यक्तिहरू पनि समाजका सक्रिय र सक्षम सदस्य बन्न सक्ने छन्। फिजियोथेरापिस्ट निशा रानाले यस अवस्थाका कारण, चुनौती र पुनर्स्थापना सम्बन्धी सेवाबारे जानकारी दिँदै प्राविधिक सहयोगको आवश्यकता औंल्याइन्। त्यसैगरी सचिव हरि केसीले भने अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपरेका दैनिक संघर्ष र अधिकारका लागि भइरहेको प्रयासबारे जानकारी गराए। आँखामा पट्टी बाँधेर सेतो छडीको सहारामा हिँड्दा कलेजका विद्यार्थीहरूले केवल बाटो होइन, जीवनकै कठिनाइ छर्लङ्ग महसुस गरे। एकछिनको त्यो अन्धकारले उनीहरूलाई गहिरो सन्देश दियो-दृष्टिविहीन जीवन केवल शारीरिक अवस्था होइन, सामाजिक चुनौती पनि हो।

अभ्यासपछि बिए प्रथम वर्षमा अध्ययनरत इविक कर्माचार्य र द्धित्तिय वर्षमा अध्ययरनत दीपा दवाडीले आफ्ना अनुभूति बाँड्दै भने, "हामीले आज मात्र थोरै समयका लागि अनुभव गर्‍यौं, तर उनीहरू त सधैं यस्तै परिस्थितिमा बाँचिरहेका हुन्छन्।" उनीहरूले समाज अझ संवेदनशील र सहयोगी बन्नुपर्ने आवश्यकता औंल्याए। यस कार्यक्रमले केवल जानकारी मात्र दिएन, सोच्ने तरिका नै बदल्ने प्रयास गरेको छ।

# पूर्व राजा ...

भएको थियो।

उहाँहरूको आगमनसँगै रेस्टुरेन्ट व्यवस्थापन टोलीले आत्मीय स्वागत गरेको थियो। पारिवारिक वातावरणमा भोजन गरेको उक्त भेटलाई रेस्टुरेन्टले विशेष क्षणका रूपमा लिएको उल्लेख गरेको छ। भोजनपछि पूर्व राजा शाहले रेस्टुरेन्टको सेवा, आतिथ्यता तथा वातावरणप्रति सन्तुष्टि व्यक्त गर्नुभएको स्रोतले जनाएको छ। उहाँले पोखराको आतिथ्य संस्कृतिको प्रशंसा गर्दै यस्ता स्तरका सेवाले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभएको बताइन्छ।

अंशुभरा समूहको लगानीमा सञ्चालित ३१ पार्क होटलभित्र रहेको 'छु मी' चाइनिज रेस्टुरेन्ट पोखरामा गुणस्तरीय चिनियाँ परिकारका लागि परिचित छ। स्थानीय पर्यटन व्यवसायीहरूका अनुसार यस्ता उच्चस्तरीय भ्रमणले पोखराको पर्यटन छविलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ। रेष्टुरेण्टले आफ्नो रेष्टुरेण्टमा उच्च पदस्थ व्यक्तिहरुको आगमनमा आफुहरुले सक्दो स्वागत सत्कार गर्ने जनाएको छ।

पूर्व राजा शाह परिवार एक सातादेखि पोखरामा रहनु भएको छ भने अझै एक साता रहनु हुने भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का केन्द्रीय सदस्य अर्जुन खनालले बताउनु भयो।

पूर्व राजाः ज्ञानेन्द्र शाह शुक्रबार पोखरा आइपुग्दा समर्थकहरूले पन्चै बाजा सहित स्वागत गरेका छन्। शुक्रबार पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि विमानस्थल बाहिरसम्म विभिन्न संघ-संस्थाका प्रतिनिधि र समर्थकहरूले उहाँलाई स्वागत गरको हुन्।

उहाँका समर्थकहरुले "राजा आउ देश बचाउ" र "हाम्रो राजा हाम्रो देश" जस्ता नारा लगाउँदै स्वागत गर्नु भएको थियो। पूर्वराजा शाह पोखराको लेकसाइडस्थित सोल्टी होटल पोखरामा बस्ने कार्यक्रम रहेको छ। उक्त होटलमा एक साता रहने बताइएको छ। पोखरा बसाइँ झन्डै दुई साता हुने श्रोतको भनाई छ। यस अवधिमा पूर्व राजा शाहले विभिन्न शक्ति पीठहरूको दर्शन गर्नुका साथै राष्ट्रवादी समूह, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का केन्द्रीय सदस्य अर्जुन खनालले बताउनु भयो। पूर्वराजा शाहको यस पटकको पोखरा भ्रमणलाई राजनीतिक तथा सामाजिक दृष्टिले चासोका साथ हेरिएको छ।

# शनिबारदेखि सुरु हुने महायज्ञको तयारी पूरा, कमल नयन गौतमद्वारा कथावाचन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ बैशाख

मानवसेवा आश्रमद्वारा पोखरामा आयोजना गर्न लागेको १४ औं श्रीमद्भागवत सप्ताह ज्ञानविज्ञान महायज्ञको सम्पूर्ण तयारी पूरा भएको छ।

पितृ मोक्ष तथा शान्तिको अभिष्टले आयोजना गरिएको महायज्ञ भोलि अर्थात् वैशाख १९ गतेदेखि २६ गतेसम्म पोखरा-२५ हेमजामा सञ्चालन हुनेछ।

महायज्ञ अवधिभर कथावाचक कमल नयन गौतमले दैनिक रूपमा कथा वाचन गर्ने कार्यक्रम तय भएको छ। मानवसेवा आश्रमले आयोजना गर्ने महायज्ञहरूमा गौतमले दक्षिणा विना नै सहयोग गर्दै आएका छन्। महायज्ञमा बैशाख २० गतेदेखि बिहान ५:३० देखि ७:३० बजेसम्म निःशुल्क योग शिविर, ७ बजेदेखि पूजा तथा पाठपारायण, ७:३० देखि १० बजेसम्म विद्यार्थीहरूका



लागि उत्प्रेरणात्मक कार्यक्रम, ११ बजेदेखि ४ बजेसम्म कथावाचन, ४:१५ बजे आरती, ४:३० बजे प्रसाद वितरण तथा साँझ ७ देखि ९ बजेसम्म भजन कार्यक्रम सञ्चालन हुनेछ। साथै, प्रत्येक दिन निःशुल्क स्वास्थ्य शिविरको समेत व्यवस्था गरिएको आश्रमले जनाएको छ। महायज्ञमार्फत मानवसेवा आश्रम पोखरा शाखाको निर्माणाधीन भवन सम्पन्नता, लक्ष्मीनारायण मन्दिर तथा मुक्तिनाथ धर्मशाला निर्माण र अक्षयकोष श्रीवृद्धिका लागि सहयोग संकलन गरिनेछ। हाल आश्रमको भवन निर्माण कार्य करिब ६० प्रतिशत सम्पन्न भइसकेको छ भने स्थानीय, प्रदेश र संघीय सरकारको सहयोगसहित दाताहरूको योगदानबाट निर्माण कार्य अघि बढाइएको छ। मानवसेवा आश्रमको सञ्चालनमा करिब ४० प्रतिशत अपनत्व सरकारको रहेको र बाँकी सहयोगी मनहरूको योगदान रहेको आश्रमले जनाकारी दिएको छ। आगामी दिनमा ७० प्रतिशत जिम्मेवारी सरकारले लिने र ३० प्रतिशत सहयोगी मनहरूलाई दिइने लक्ष्य रहेको बताइएको छ। पोखरामा निर्माणाधीन भवनजस्तै अन्य १५ जिल्लामा पनि आश्रमका संरचना निर्माण भइरहेका छन्। हालसम्म आश्रमले सहयोगी दाताहरूको योगदानबाट नै खर्च व्यवस्थापन गर्दै आएको छ। मानवसेवा आश्रमले विगत १३ वर्षदेखि बेसहारा, अशक्त तथा अभिभावकविहीन बालबालिका तथा सडक मानवहरूको उद्धार, संरक्षण, औषधोपचार, पुनःस्थापनामा सक्रिय रहँदै उपचारपछि परिवार पहिचान भएका व्यक्तिहरूको पारिवारिक पुनर्मिलन गराउँदै आएको छ।

# जिफन्टको ...

संसारलाई पाठ सिकाएको दिनको स्मरण गर्नुभएको छ। उहाँले शुभकामनामा नाफाको न्यायोचित वितरणका लागि रोजगारदातासँग संवाद र सामूहिक सौदाबाजीका माध्यमबाट श्रमजीवी वर्गको हक स्थापित गरेको उल्लेख गर्नुभयो। "हामीले हाम्रो संविधानमा पनि न्यायपूर्ण राज्यको लागि काम गर्ने वर्ग र काम गराउने वर्गबीच सन्तुलनका लागि यही निर्देशक सिद्धान्त अपनाएका छौं। र, हामीले सरकारमा रहँदा श्रमिक, रोजगारदाता र राज्यबीचको त्रिपक्षीय सन्तुलित सहकार्यको बाटो अपनाउँदै तीनै पक्षको योगदानमा आधारित सामाजिक सुरक्षा थालनी गरेका थियौं", अध्यक्ष ओलीले भन्नुभएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# साहित्य पर्वमा पत्रकार सिग्देलको स्मृति

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख




नेपालमा सुरु भएको करिब ५० वर्षपछि मात्रै पोखरामा आधारिक रुपमा पत्रकारिताको सुरुआत भएको थियो ।

पत्रकारिताको क्षेत्रलाई निरन्तर रुपमा अगाडि बढाउन यहाँका केही व्यक्तिले ठूलो योगदान दिएका छन् ।

विभिन्न चुनौती र तह पार गर्दै पोखराको पत्रकारिता निरन्तर अगाडि बढिरहेको छ। कतिपय युवालाई पोखराकोपत्रकारिताकोइतिहासका विषयमा त्यति धेरै जानकारी नहुन सक्छ। यसै विषयलाई ध्यानमा राख्दै पोखरामा शनिबार पोखरा महानगरपालिका वडा नम्बर १३ ले आयोजना गरेको दोस्रो साहित्य पर्व २०८३ कार्यक्रममा पोखराको पत्रकारिताको इतिहासका विषयमा कार्यक्रममा चर्चा गरिएको छ । यो पर्व अन्तरगत नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेलले 'वडा नम्बर १३ का केही साामजिक व्यक्तित्वहरुको सम्झनामा बितेका पाइला र आउने बाटा, पोखराका युग पुरुषको पदचाप' शीर्षकको सेसनमा पोखराकोपत्रकारितामासुरुआतको समयमा नै स्व.जगन्नाथ सिग्देलको महत्वपूर्ण भूमिका रहेको बताए। सिग्देलको निडर र निर्भीक बानीले गर्दा पोखरामा पत्रकारिताले नयाँ पाइला चाल्न सुरु भएको उनको भनाई थियो। 'पोखरामा पहिलो पटक वि.सं २००८ सालमा १६ पेजको हस्तलिखित पत्रिका प्रकाशन भएको थियो ।' उनले भने । उनले प्रकाशित गरेको हिमदुत पत्रिका पछि उनको सम्झनामा विभिन्न व्यक्तिले सञ्चालनमा ल्याएका थिए । हाल हिमदूत पत्रिका अनलाइनमार्फत् सञ्चालन भइरहेको छ ।

यो सेसनमा उनले जगन्नाथ सिग्देलजस्तो व्यक्तित्व पत्रकारितामा सधैँ अभाव रहने बताए । त्यो जमानामा स्व. सिग्देलले प्रधानमन्त्री राजाको पछि लागेर हिँडिरहँदा प्रधानमन्त्रीजस्तो व्यक्ति राजाको पछि लागेर डिँड्न नहुने प्रतिक्रिया दिएको आफूलाई याद भएको उनको भनाई छ।

हाल नेपाल पत्रकार महासंघ कास्कीले स्व.सिग्देलको नाममा क्रियाशील पत्रकारलाई पुरस्कृत गर्दै आइरहेको छ।

यो पुरस्कारबाट हालसम्म १६ जना पत्रकार पुरस्कृत भइसकेका छन् । यो सेसनमा पत्रकार पौडेलसँगै स्व.सिग्देलका नाति शोभाकान्त सिग्देलले सहजीकरण गरेका थिए।

# मोदीवेणीधामबाट कालीगण्डकी संरक्षणको सन्देश

पोखरापत्र संवाददाता
गण्डकी, १८ बैशाख

नयाँ वर्ष २०८३ आरम्भका दिन कालीगण्डकी नदी दोहनविरुद्ध नदी तटका विभिन्न धार्मिकस्थलमा ब्यानर प्रदर्शन गरेको 'कालीगण्डकी बचाऔँ' अभियानले आइतबारदेखि सोही ठाउँबाट सरसफाइ अभियान थालेको छ।

स्याङ्जा, पर्वत र बागलुङको पुरानो घाट कालीगण्डकी नदी छेउमा अवस्थित मोदीवेणीधामबाट सरसफाइ अभियान सुरु गरिएको हो । पर्वतको कुश्मा नगरपालिका-५ स्थित मोदीवेणीधाम यस क्षेत्रको महत्वपूर्ण धार्मिक तीर्थस्थल मानिन्छ । प्रकृति दोहनका कारण मोदीवेणिधामले सङ्कट झेलिरहेको भन्दै कालीगण्डकी बचाऔँ अभियान र शिवालय युवा विकास मञ्च मिलेर सरसफाइ अभियान थालेका हुन् । "कालीगण्डकी नदी संरक्षणको सन्देशसँगै नदी तटमा रहेका धार्मिक सम्पदास्थलको वातावरणीय स्वच्छताका लागि यो अभियान सुरु गरिएको हो", अभियानका संयोजक आरके अदीप्त गिरीले भन्नुभयो।

विकास गतिविधि र मानवीय क्रियाकलापका कारण प्रदूषित हुँदै गइरहेको मोदीवेणिको पहिचान र अस्तित्व रक्षाका लागि सबै एकजुट हुनुपर्ने उहाँको भनाइ छ। अव्यस्थित रुपमा भइरहेको नदीजन्य पदार्थको उत्खननका कारण मोदीवेणिलगायत कालीगण्डकी तटमा रहेका तीर्थस्थल र घाटहरू सङ्कटमा परेको संयोजक गिरीले बताउनुभयो । कालीगण्डकी र मोदीखोलाको सङ्गमस्थलमा रुपमा मोदीवेणिसँग पौराणिक किंवदन्ती र कथा-प्रसङ्गहरु पनि जोडिएको उहाँको भनाइ छ । धार्मिकस्थललगायत सार्वजनिक महत्वका ठाउँमा अबदेखि साप्ताहिक रुपमा सरसफाइ अभियान सञ्चालन गरिने संयोजनक गिरीले बताउनुभयो। "हरेक हप्तालाई सिर्जनाशील बनाउने हाम्रो सोच छ, यस अभियानमा जोडिन स्थानीयवासी सबैलाई आग्रह गरेका छौँ, समुदायसँग मिलेर नै सरसफाइ अभियानलाई अगाडि बढाउँछौँ ।" सरसफाइसँगै अभियानकर्मीहरूले 'कालीगण्डकी बचाऔँ' अभियानको ब्यानर प्रदर्शन गरेका थिए । मोदीवेणिधामलाई मुक्तिनाथ र दामोदर कुण्डको प्रवेशद्वारको रुपमा चिनिन्छ। वैशाख सक्रान्ती, हरिवोधनी एकादशीमा मोदीवेणिमा ठूलो मेला लाग्ने गर्छ। घरमा कुनै शुभकार्य गर्नु परेमा उक्त घाटबाट पवित्र जल तथा बालुवासमेत लगेर गर्ने चलन छ। कालीगण्डकी नदीको प्राकृतिक स्रोत मूलतः ढुङ्गा, शिला, गिटी, बालुवाको अधिक दोहनले कालीगण्डकीमा नदी क्षति पुग्दै गएको छ । नदीमाथि जथाभाबी उत्खनन गर्ने, मलमुत्र, फोहर मैला बिसर्जन गर्ने, ढलनलको सोझो मिलान गर्ने, सार्वजनिक जग्गा अतिक्रमण, वन फडानी आदित्य चपेटामा कालीगण्डकी नदी पर्दै गएको छ। मानव र जैविक विविधताको अस्तित्वसँग गाँसिएको यस नदीको संरक्षणमा अभियानकर्मीहरूले आवाज उठाउँदै आएका छन्।

कालीगण्डकी नदीलाई हिन्दू र बौद्धधर्मावलम्बी सबैले पवित्र नदीका रुपमा लिने गर्छन् । कालीगण्डकीको शिर मुक्तिनाथलाई हिन्दू र बौद्धमार्गी दुवैले पवित्र र अलौकिक क्षेत्र मान्छन्। कालीगण्डकीको जलाधार क्षेत्रमा आठ हजार मिटरभन्दा अग्ला तीन वटा हिमालय पर्वत शृख्ला धवलागिरि, अन्नपूर्ण, र मनास्लु रहेका छन् भने छ हजार मिटरसम्मका दुई दर्जनभन्दा धेरै हिमशिखर रहेका छन्।

कहिले कविता त कहिले गीतमार्फत, कहिले नदीका शिलालाई भगवान्का नाम दिएर त कहिले नदी किनारमा पैदलयात्रा गरेर 'कालीगण्डकी बचाऔँ अभियान'ले कालीगण्डकी नदी दोहनविरुद्धको आफ्नो सिर्जनात्मक प्रतिरोधलाई जारी राखेको छ । चार वर्षअघि कालीगण्डकी संरक्षणका पक्षमा कविता शृङ्खला 'नदी सप्तक' सञ्चालन गरेको उक्त अभियानले गत वर्ष जेठमा मोहिनी एकादशी तिथि पारेर कालीगण्डकी नदीका शिलामा भगवानका नाम अङ्कित गरेको थियो। 'कालीगण्डकी बचाऔँ अभियान' र 'प्रकृति, पर्यावरण र शालिग्राम संरक्षण समिति' मा आबद्ध अभियानकर्मीहरूले कालीगण्डकी आसपासका प्रमुख धर्मघाटहरूमा शालिग्राम भगवानका नाम शिलाङ्कित गरेका थिए । मानवीय अतिक्रमणका कारण कालीगण्डकीमा मात्र पाइने विश्वकै दुर्लभ शालिग्राम शिला लोप हुने खतरा बढेपछि शिलाको नामाङ्कन गरिएको हो।

शालिग्राम शिलालाई संसारभरका हिन्दूमार्गीले विष्णु भगवानका रूपमा पुज्ने गर्छन्। कालीगण्डकी नदीको पवित्रता एवम् चक्राङ्कित र निष्चक्राङ्कित शालिग्राम शिला र नदी संरक्षणको सन्देश दिन उक्त अभियान सुरू गरिएको थियो।

अस्तित्व सङ्कटबाट गुज्रिरहेको कालीगण्डकी नदी संरक्षणमा सरोकार भएका पक्षको ध्यानाकर्षण होस् र जनस्तरमा सन्देश पुगोस् भनेर विभिन्न अभियान सञ्चालन गरिएको संयोजक गिरीको भनाइ छ।

अव्यवस्थित विकास गतिविधि र प्रकृति दोहनका कारण कालीगण्डकी नदी र यस क्षेत्रको पर्यावरण नै खतरामा परेको उहाँले बताउनुभयो । जन्मदेखि मृत्यु संस्कारसम्मका सबै परम्पराको स्रोत र स्थलमा भएको दोहनको अभियानले विरोध गर्दै आएको छ।

प्राकृतिक, सांस्कृतिक तथा धार्मिक विशिष्टता बोकेको कालीगण्डकी नदी बचाउनु मानव सभ्यता बचाउनु सरह रहेको अभियानकर्मीहरू बताउँछन्। नदीमा हुने मानवीय हस्तक्षेपका कारण पानीको प्रदूषण, वनस्पति र जनावरको पारिस्थितिकीमा असन्तुलन र जैविक विविधतामा नोक्सानी पुऱ्याइरहेको उनीहरूको भनाइ छ । विश्वमै दुर्लभ शालिग्राम पाइने एक मात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ।

जभाभावी दोहनकै कारण कालीगण्डकीमा मात्रै पाइने उक्त शालिग्राम शिला लोपोन्मुख अवस्थामा पुगेको छ। यो नदी हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिणतर्फ बग्छ । राज्यको उचित र कठोर नीति नहुँदाको फाइदा उठाउँदै गिट्टी, बालुवा उत्खननका नाममा मनपरी ढङ्गले नदी दोहन भइरहेको छ।

नदी र खोलाका किनारैकिनार खनिएका सडक, अव्यवस्थित सहरीकरण र विकास गतिविधि, प्रकृतिदोहन आदि कारणले मानव र प्राणी जगत् जोखिममा पर्दै गएकामा पर्यावरणकर्मी चिन्तित छन् । अव्यवस्थित उत्खननका कारण नदी कुरुप बन्दै गएको मात्र छैन, ठाउँठाउँमा नदीको धार नै परिवर्तन भइरहेको छ।

हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ । चिनियाँहरूले रेशम व्यापारका क्रममा हिमालय भञ्ज्याङ पार गरी कालीगण्डकीको किनारैकिनार पोखरा, पाल्पा, तानसेन, लुम्बिनी हुँदै भारतसम्मको यात्रा गरेको इतिहासमा उल्लेख छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# मुस्ताङको जोमसोममा निर्माणाधीन कभर्ड हल दुई वर्षदेखि अलपत्र

पोखरापत्र संवाददाता
मुस्ताङ, १८ बैशाख

यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोममा निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल दुई वर्षदेखि अलपत्र पर्दै आइरहेको छ।

सरकारले दीर्घकालीन महत्वको 'एक स्थानीय तह एक खेलग्राम'सहितको कभर्ड हल पूर्वाधारका लागि बहुवर्षीय आयोजना अघि बढाएको हो।

हाल उक्त निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल बजेट विनियोजन नहुँदा अलपत्र परेको छ । आव २०७६/७७ मा जोमसोममा सुविधा सम्पन्न दुईतले बहुउद्देश्यीय कभर्ड हल निर्माण सुरु गरिएको थियो । सङ्घीय, प्रादेशिक र स्थानीय तहको संयुक्त लागत साझेदारीमा निर्माणाधीन जोमसोमस्थित बहुउद्देश्यीय कभर्ड हल विगत दुई वर्षदेखि रोकिएको छ। कभर्ड हलको लागत रु छ करोड ५८ लाख तय गरिएको छ । इनडोर खेलमैदानलगायत विभिन्न पूर्वाधारको व्यवस्थापन गर्ने गरी निर्माण थालनी गरिएको जोमसोमस्थित बहुउद्देश्यीय कभर्ड सङ्घ, प्रदेश र स्थानीय तहको टुक्रे बजेट र समयमा आवश्यक बजेट नहुँदा निर्माण सम्पन्न हुन बिलम्व भएको हो।

समयमा बजेट सुनिश्चितता नहुने, विनियोजित रकम लागत अनुपातभन्दा न्यून बजेट हुँदा कर्भड हल निर्माणले गति लिन नसकेकोघरपझोङगाउँपालिकाका इन्जिनियर चक्र बमले जानकारी दिनुभयो। आयोजना सुरु भएको छ वर्ष बितिसक्दा यसको भौतिक प्रगति ४० प्रतिशत रहेको उहाँले उल्लेख गर्नुभयो । निर्माणाधीन कभर्डहल आयोजना कार्यान्वयनमा आएको पहिलो वर्ष सङ्घीय सरकारबाट रु ४० लाख, प्रदेशबाट रु ५० लाख र घरपझोङ गाउँपालिकाको समपूरक बजेट रु १५ लाख लागत साझेदारी गरिएको थियो। यसैगरी आव २०७७/७८ मा प्रदेश सरकारबाट रु २५ लाख र स्थानीय तहबाट रु १७ लाख गरी रु ४२ लाख बजेट विनियोजन भएपछि कभर्ड हल निर्माणलाई निरन्तरता दिइएको थियो। "आव २०७८/७९ मा सङ्घ, प्रदेश र स्थानीय तहबाट गरी रु ३२ लाख बजेट विनियोजन भएको थियो। आव २०८०/८१ मा पनि सङ्घीय सरकारबाट रु ३२ लाख र स्थानीय तहको समपूरक बजेट रु २० लाख गरी रु ५२ लाख बजेट परेको थियो", इन्जिनियर बमले भन्नुभयो। पछिल्लो समय घरपझोङमा निर्माणाधीन कभर्ड हलमा रु दुई करोड बढी बजेट खर्च भइसकेको उहाँले जानकारी दिनुभयो। निर्माण सुरु भएको छ वर्ष पुग्दा कभर्ड हलमा दर्शक बस्नका लागि प्यारापिट र भुइँतला 'स्ट्रेक्चर' निर्माण भएका छन् । समग्रतामा कभर्ड हलको दुई तला स्टक्चर उठिसकेको छ। हलको भित्र र बाहिरका कभर्डमा विभिन्न कक्षको कोठाका संरचना तयार भएका छन् । कभर्ड हलमा फलामे ढोका पनि जडान गरिएको छ । जोमसोम खेल मैदानमा ७०० देखि ८०० दर्शक अट्ने गरी निर्माण भइरहेको इन्जिनियर बमले जानकारी दिनुभयो । दुई तले कभर्ड हलको नमूना डिजाइन प्रदेश सरकारले पठाएपछि घरपझोङ गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेको थियो । उहाँका अनुसार यसको लम्बाइ ४५ मिटर र चौडाइ २५ मिटर हुनेछ। जोमसोममा निर्माणाधीन दुई तले कभर्ड हलमा इन्डोर भलिबल खेल मैदान, अफिस कोठा, परिवर्तन कक्ष (चेन्जिङ रुम), प्यारापिट, भिआइपी कक्ष, मेडिकल हल, शौचालयलगायत पूर्वाधार निर्माण हुने योजना छ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले कभर्ड हल निर्माण सम्पन्न गर्नका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेट माग गरिए पनि पछिल्लो समय बजेट विनियोजन हुन नसकेका बताउनुभयो । स्थानीय तहले चाहेर पनि कभर्ड हल निर्माण सम्पन्न गर्न नसक्ने भएकाले उपल्लो निकायको ध्यानाकर्षण गराउँदै आइएको उहाँको भनाइ छ । मुस्ताङका पाँच स्थानीय तहमा सुविधा सम्पन्न इन्डोर खेल मैदान (कभर्ड हल) नहुँदा यहाँ विभिन्न खेलकुदकम कार्यक्रम आयोजना गर्न निकै कठिनाइ हुँदै आएको थियो। समुद्री सतहबाट दुई हजार ७०० मिटर उचाइमा अवस्थित मुस्ताङको जोमसोममा दिउँसो १२:०० बजेपछि बेजोडले हावाहुरी चल्ने हुँदा यहाँ आउट डोर खेल सञ्चालन गर्न कठिन हुन्छ।

# व्यासद्वारा ५२ गर्भवतीलाई पोषणभत्ता उपलब्ध

पोखरापत्र संवाददाता
तनहुँ, १८ बैशाख

व्यास नगरपालिकाले चालु आर्थिक वर्षमा ५२ जना गर्भवतीलाई पोषणभत्ता उपलब्ध गराएको छ । नवजात शिशु र आमा दुवैको स्वास्थ्य स्याहार र सुरक्षाका लागि नगरपालिकाले गर्भवतीलाई पोषणभत्ता उपलब्ध गराएको हो।

नगरपालिकाभित्रका सरकारी स्वास्थ्य संस्थाबाट कम्तीमा तीनपटक (४, ६ र ८ महिना) गर्भ परीक्षण गरेका महिलालाई आठ महिनामा मातृ शिशुकार्डका आधारमा रु पाँच हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार ५२ जनालाई रु दुई लाख ६० हजार प्रोत्साहन रकम वितरण गरिएको छ । सरकारी स्वास्थ्य संस्थामा गर्भजाँच गराउन र सुत्केरी सेवा लिन आकर्षित गराउने उद्देश्यसहित सुत्केरीलाई पोषणभत्ता दिइएको उपप्रमुख इन्दिरा दरैले बताउनुभयो। उहाँका अनुसार गर्भवतीको नियमित स्वास्थ्य परीक्षण नगरी घरमै शिशु जन्माउँदा आमा र शिशु दुवैको स्वास्थ्यमा समस्या पर्ने भएकाले यसको अन्त्यका लागि भत्ता उपलब्ध गराउन थालिएको हो। 'महिलासँग उपमेयर कार्यक्रम'अन्तर्गत नगरभित्र सरकारी स्वास्थ्य संस्थामा जाँच तथा सुत्केरी सेवा लिनेलाई पोषणबापत भत्ता दिइने उहाँको भनाइ छ। गर्भवतीलाई समयसमयमा गर्भ परीक्षण गरी शिशु मृत्युदर न्यूनीकरणमा प्रोत्साहित गर्ने उद्देश्यले प्रोत्साहन पोषण रकम दिने नीति सुरु गरिएको दरैले बताउनुभयो।

उहाँले भन्नुभयो, "घरमा सुत्केरी गराउँदा पोषणको कमी हुँदा आमा र शिशुको स्वास्थ्यमा असर पर्ने भएकाले सचेतनाका लागि कार्यक्रम सञ्चालन गरेका हौँ ।" यसैबीच, नगरपालिकाले चालु आर्थिक वर्षमा ६० जना ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरेको छ।

# ग्रामीण पर्यटन प्रवर्द्धन गर्न बन्दीपुरमा 'होमस्टे मार्ट'

पोखरापत्र संवाददाता
तनहुँ, १८ बैशाख

गाउँ पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यले तनहुँको प्रसिद्ध पर्यटकीय गन्तव्य बन्दीपुरमा दुईदिने 'होमस्टे मार्ट' सुरु भएको छ।

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च( भिटोफ) को सहआयोजनामा मार्ट आयोजना गरिएको हो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेका अनुसार मार्टका क्रममा बन्दीपुर र आपसका पर्यटकीयस्थलका साथै रुम्सी होमस्टे, रामकोट होमस्टे, सिद्ध गुफालगायत स्थानको पर्यटन व्यवसायी एवं सञ्चारकर्मीलाई भ्रमण गराइएको थियो । मार्टका माध्यमबाट बन्दीपुर ग्रामीण पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबाबु थापाले बताउनुभयो । बन्दीपुर भ्रमण वर्ष २०२५पछि पुनः बन्दीपुर गाउँ पर्यटन भ्रमण वर्ष घोषणा गरिएकोभएका अवस्थामा मार्ट यहाँको पर्यटकीय विकासमा महत्वपूर्ण बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

## सार्वजनिक सूचना

स्याङ्जा जिल्ला, चिन्नेबास वडा नं. ८ स्थायी ठेगाना भएका दिल नारायण मानन्धरकी बुहारी तथा गिर नारायण मानन्धरकी श्रीमती डोल माया मानन्धर (नागरिकता नं.ः १७८४९) को नाममा रहेको साविक पोखरा उप-महानगरपालिका-१४ (साविक कित्ता नं.ः १४७) हाल पोखरा महानगरपालिका वडा नं. १४ मझेरीपाटनमा पर्ने कि. नं. १४७ (नक्सा सीट नं.ः ०९४१०४३१२) को जग्गामा नयाँ घर निर्माण गर्नको लागि सर्जमिन मुचुल्का गर्ने क्रममा उत्तरतर्फ (कि. नं.ः १४६) तथा पूर्वतर्फ (कि. नं.ः १२४) का सधियार फेला नपरेको हुँदा यदि माथि उल्लेखित कि. नं. १४७ मा नयाँ घर निर्माण गर्दा कसैलाई बाधा/असर पर्न गएमा यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र वडा नं. १४ को कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

# सात वर्षीय बालकले राखे कीर्तिमान

जमुना वर्षा शर्मा
पोखरा, १८ बैशाख/रासस

'हिमालले उमेर सोध्दैन, केवल साहस र दृढ इच्छाशक्ति खोज्छ' यही उक्तिलाई सात वर्षीय भारतीय बालक तेगबीर सिंहले चरितार्थ गरिदिएका छन् ।

विश्वकै चुनौतीपूर्ण र सुन्दर पदमार्गमध्येको एक मानिने अन्नपूर्ण सर्किटअन्तर्गत पाँच हजार ४१६ मिटर उचाइको थोरङ्लापास सफलतापूर्वक पार गर्दै उनले विश्वकै सबैभन्दा कान्छो पदयात्रीको कीर्तिमान कायम राखेका हुन् ।

भारतको पञ्जाबस्थित रोपडका तेगबीरले सात वर्ष छ महिनाको उमेरमा यो ऐतिहासिक उपलब्धि हासिल गरे । यसअघि यो कीर्तिमान दुबईका इभान क्रुस्कोभका नाममा थियो, जसले सात वर्ष १० महिनाको उमेरमा यो उचाइ पार गरेका थिए ।

आफ्नो बुबाका साथ अप्रिल ११ मा सुरु भएको तेगबीरको यात्रा अप्रिल १८ को बिहान ९:२५ बजे थोरङ्ला पासको चुचुरोमा पुगेर टुङ्गियो । करिब २३० किलोमिटर लामो यो पदयात्रा सहज थिएन । माइनस १३ डिग्री सेल्सियससम्मको कठ्याङ्ग्रिदो चिसो, अपर्याप्त अक्सिजन र चुनौतीपूर्ण भौगोलिक अवस्थालाई उनको इच्छाशक्ति र साहसले सजिलै छिचोल्न सफल भयो ।

यति सानो उमेरका तेगबीरलाई न त हाइअल्टिच्युड (लेक लाग्ने) समस्या भयो, न त उनी कतै थाके । पदयात्रा सकेर पोखरा फर्किएका उनी लेकसाइडको एक होटलमा भेटिँदा निकै प्रफुल्ल मुद्रामा देखिए । टेबुलमा बसेर कागजको जहाज बनाउँदै खेलिरहेका उनी आफ्नो उचाइप्रतिको मोहलाई निर्दोष ढङ्गले व्यक्त गरिरहेका थिए । "मलाई नेपालमा यात्रा गर्दा निकै रमाइलो लाग्यो, मलाई हिमाल पहाड निकै मन पर्छ," उनले उत्साहित हुँदै भने, "मलाई यहाँको दालभात र गार्लिक सुप धेरै मनपर्‍यो ।" यो यात्राले मेरो आत्मविश्वास अझ बढाएको छ, तेगबीरले आफ्नो अनुभव सुनाए । पदयात्राका 'ट्रेकिङ गाइड' दलबहादुर गुरुङ (दुले) ले यात्राका क्रममा बालक तेगबीरको जिज्ञासु स्वभाव र थकान महसुस नगरी निरन्तर हिँडिरहने क्षमताको खुलेर प्रशंसा गर्नुभयो । "मेरो दशक लामो ट्रेकिङ अनुभवमा तेगबीर जस्तो सानो उमेरको बालकलाई पहिलोपटक गाइड गर्दै थिएँ । सुरुमा यति सानो बालक कसरी हिँड्ला भन्ने लागेको थियो तर यात्रा सुरु भएपछि ऊ निकै साहसी, जिज्ञासु र रमाइलो स्वभावको देखियो," गुरुङले




भन्नुभयो । उहाँका अनुसार, यात्राभर तेगबीरले देखेको प्रत्येक पहाड र हिमालतर्फ औँल्याउँदै त्यहाँ पुग्न कति दिन लाग्छ ? त्यो ठाउँ कस्तो छ ? भनेर जिज्ञासा राख्ने गर्दथे । थकाइ लाग्यो कि भनेर सोध्दा ऊर्जाका साथ लागेको छैन भन्दै जवाफ दिन्थे । गुरुङले उनमा देखिएको उत्साह, सहनशीलता, प्रकृतिप्रतिको प्रेम र अनुशासन आफूलाई अत्यन्त मन परेको बताउनुभयो ।

यात्रामा सँगै रहेका भरिया यम गुरुङले पनि तेगबीरको चञ्चल स्वभाव, प्रकृतिप्रेम र निरन्तर हिँड्न सक्ने क्षमताको प्रशंसा गर्दै भन्नुभयो । "उसको ऊर्जा र सकारात्मक सोचले यात्रालाई अझ सहज र रमाइलो बनायो । हामीलाई सात वर्षको बालकसँग यात्रा गरेका छौँ भन्ने आभास उसले दिएनन्, कत्ति थाकेनन्, रमाइलो कुराकानी गर्दै अघि बढ्यौँ ।" उनका बुबा सुखिन्दरदिप सिंहका अनुसार छोराको यो सफलताको पछाडि कडा अनुशासन, नियमित शारीरिक व्यायाम र सन्तुलित आहारको ठूलो भूमिका छ । सुखिन्दर दिप हाल मेडिकल एडमिनिस्ट्रेटिभ क्षेत्रमा कार्यरत हुनुहुन्छ भने आमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ रहनुभएको छ । तेगबीरको यो पहिलो साहसिक यात्रा भने होइन । यसअघि नै उनले अफ्रिकाको माउन्ट किलिमन्जारो र युरोपको माउन्ट एल्ब्रसको सफल आरोहण गरिसकेका छन् ।

सानै उमेरदेखि विश्वका चर्चित हिमाली गन्तव्यहरूमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएका उनले सन् २०२४ मा पाँच वर्षको उमेरमा उनले करिब १० दिनको ट्रेक पूरा गर्दै पाँच हजार ३६४ मिटर उचाइमा रहेको 'एभरेष्ट बेस क्याम्प' पुगेका थिए । सोही वर्ष उनले अफ्रिकाको सबैभन्दा अग्लो शिखर 'माउन्ट किलिमन्जारो' पनि आरोहण गर्दै एसियाकै कान्छो आरोहीमध्ये एक बन्न सफल भए । त्यसपछि छ वर्ष सात महिनाको उमेरमा उनले युरोपको 'माउन्ट एल्ब्रस' चढे भने सात वर्ष छ महिनामा नेपालकै चर्चित अन्नपूर्ण राउन्डअन्तर्गत पर्ने पाँच हजार ४१६ मिटर उचाइको थोरङलापास पार गर्दै संसारकै सबैभन्दा कान्छोमध्ये एकको कीर्तिमान कायम गरे ।

सन् २०१८ सेप्टेम्बर २४ मा जन्मिएका तेगबीरले सानो उमेरमै अन्तरराष्ट्रिय स्तरको उदीयमान पर्वतारोही, पदयात्रीका रूपमा स्थापित गर्न सफल भए । "हामीले उसलाई कहिल्यै रेकर्डका लागि दबाब दिएनौँ," पिता सिंह भन्नुहुन्छ "केही कुरा रेकर्डभन्दा पहिला आफ्नो रुचि र आत्मविश्वाससँग जोडिन्छ । उसले आफ्नो रुचिलाई साहस र सफलतामा बदल्यो, यसैमा हामी खुसी छौँ," उहाँ भन्नुहुन्छ, "आत्मविश्वास भए असम्भव भन्ने केही रहेनछ भन्ने पुष्टि तेगबीरले गरेको छ ।"

नेपालको प्राकृतिक सुन्दरता र यहाँको आतिथ्यताले पनि निकै प्रभावित पारेको उहाँको भनाइ छ । "नेपाल थोरै खर्चमा अद्भुत आनन्द लिन सकिने ठाउँ रहेछ," तेगबीरका बुबाले अनुभव सुनाउनुभयो । "समुद्र सतहदेखि विश्वको अग्लो हिमालसम्मको दृश्यलाई छोटो समयमै कैद गर्न सकिने सुन्दरता विश्वमा सायदै पाइन्छ ।" उहाँले यात्राका क्रममा नेपालीको सहयोगी भावनाको पनि खुलेर प्रशंसा गर्नुभयो, "मेरो छोराले निकै ढिलो खाना खान्छ तर होटलका मानिसहरूले पटक-पटक खाना तताएर मुस्कुराउँदै ल्याएर दिन्थे । हामीले तिरेको पैसाभन्दा उनीहरूको सेवा र व्यवहार धेरै माथि पायौँ ।"

कक्षा ३ मा अध्ययनरत तेगबीरको हिमाल पदयात्रामा देखाएको उत्साह र क्षमता हेर्दा भविष्यमा अझ ठूला साहसिक यात्रातर्फ अघि बढ्ने बुबा बताउनुहुन्छ । नेपालमा नेपाल सरकारले १६ वर्षमुनिका बालबालिकालाई पर्वतारोहण अनुमति नदिने व्यवस्था भएका कारण उसले १६ वर्ष नपुग्दासम्म सगरमाथा जस्ता हिमाल मात्र होइन, कुनै पनि शिखर आरोहण गर्नबाट उनी वञ्चित हुने भन्दै अरू देशमा विकल्प खोज्न बाध्य बनाएको बताउनुभयो ।

उमेर सीमामा केही लचकता अपनाउनुपर्ने सुझाव उहाँको छ । "यदि कुनै बालबालिकासँग राम्रो ट्र्याक रेकर्ड र अनुभव छ भने अभिभावकको जिम्मेवारीमा जोखिम स्वीकृतिसहित आरोहण अनुमति दिनुपर्छ," सिंहले भन्नुभयो, "कम्तीमा छ हजार मिटरसम्मका गैरप्राविधिक हिमालहरूमा यस्तो व्यवस्था लागू भए, बालबालिकाले सानै उमेरदेखि आफ्नो सपना पछ्याउने अवसर पाउने थिए ।"

तेगबीरको यो साहासिक यात्रालाई ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्य प्रशंसनीय रहेको बताउनुहुन्छ । "उनको यो यात्रासँगै नेपाल सुरक्षित र व्यवस्थित साहसिक गन्तव्य हो भन्ने एउटा सन्देश पनि दिएको छ," आचार्यले भन्नुभयो, "एउटा सात वर्षको बालकले अन्नपूर्ण सर्किट पार गर्नुले हाम्रो पदमार्गको गुणस्तर र सुरक्षालाई पनि पुष्टि गर्छ ।" अन्नपूर्ण सर्किटले नेपाललाई अन्तरराष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको जनाउँदै यी पदयात्राहरूमा पर्यटकले प्रकृति मात्र होइन, संस्कृति र आतिथ्यता पनि अनुभव गर्ने उहाँको भनाइ छ । त्यस्तै, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यो कीर्तिमानले विश्व पर्यटन मानचित्रमा नेपालको विशिष्ट पहिचान थपेको बताउनुभयो। "हरियाली जङ्गलदेखि हिमाली मरुभूमिसम्मको यात्रा गराइने अन्नपूर्ण सर्किट केवल पदमार्ग मात्र नभई सांस्कृतिक र प्राकृतिक सङ्गम पनि हो, सानो बालकको साहसिक यात्राले यो सुरक्षित र साहसिक गन्तव्यका रूपमा थप परिचित हुनेछ," लामिछानेले भन्नुभयो । उहाँका अनुसार तेगबीरको यो यात्रा केवल एउटा बालकको सफलता मात्र नभई नेपालका हिमालहरूको सम्भावना र विश्वव्यापी आकर्षणको नयाँ मानक पनि हो ।

# लाग्यो उँभौली, भेडाबाखा धपाउँदै लेक चढे गोठालाहरू

प्रतीक्षा आले
गोरखा, १८ बैशाख/रासस

उँभौली पर्व सुरु भएसँगै छ महिनाअघि बेशी झरेका गोठाला भेँडाबाखा धपाउँदै लेकतिर उक्लेका छन् । चुमनुब्री गाउँपालिका-३ पाङसिङका गोठालाहरू हजारौं भेँडाबाखा धपाउँदै लेकतिर लागेको जगतका लक्ष्मण कार्कीले बताउनुभयो ।

चुमनुब्री-३ पाङसिङ गोरखाकै सबैभन्दा धेरै भेँडापालन गर्ने गाउँ हो । हिउँद लाग्न थालेपछि लेकबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लम्जुङतिर लगिएका र आर्खेत, आरुघाट, मान्बु हुँदै धादिङसम्म पुर्‍याइएका भेँडाबाखालाई अहिले फर्काएर लेकतर्फ लैजान थालिएको उहाँले बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, "दैनिक तीन/चारसय जति भेँडाबाखा लेकतिर लागेका छन्, शनिबार मात्रै पनि करिब चारसय भेँडाबाखा उकालो लागेका छन् ।" पाङसिङ, सिर्दिबास, न्याकफेदी, घट्टेखोला, नाग्चेतलगायत क्षेत्रका करिब ७० घरधुरी किसानले भेँडाबाखा पालन गरेका चुमनुब्री-३ का अध्यक्ष रामकुमार गुरुङको भनाइ छ । "भेँडाबाखा बेशीबाट गाउँमा ल्याउन थालेको केही दिन भयो । बिस्तारै पाङसिङबाटमाथि उकाल्न सुरु हुन्छ", उहाँले



भन्नुभयो, "अहिले लेक लगेपछि एकैचोटी कात्तिक, मङ्सिरमा तल झार्छ ।" लेकबाट बेशी झार्ने र बेशीबाट लेक लैजाने गोठालाहरूको मौलिक परम्परा छ । "लेकको गोठबाट वेशी साइत हेरेर झार्ने गर्छन् । लेकको गोठबाट पनि एकै दिनमा बेशी झार्दैनन् । हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याइ पुर्‍याउँछन्", पाङसिङका विकास गुरुङले भन्नुभयो, "बेशीबाट लेक लैजान पनि धेरै समय लगाउँछन् ।

अनि गाउँमा झारिसकेपछि यहाँबाट अन्यत्र लैजानचाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ ।" जेठ दोस्रो सातासम्ममा भेँडाबाखा लेकको गोठमा पुर्‍याइन्छ । भेँडाबाखा पालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका-३ मा गोठालालाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ । "गोठालाहरूलाई प्रोत्साहन गर्न बाटो मर्मत, खानेपानीको व्यवस्था, त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गर्ने गरेका छौँ", वडाअध्यक्ष गुरुङ भन्नुभयो, "गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयम्को २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रम बर्सेनि गर्ने गर्छौं ।" पालिकाले भेँडाबाखा पालन गर्ने किसानलाई प्रोत्साहन दिन कार्यक्रम गरिरहे पनि बर्सेनि भेडाबाखा पालन गर्ने किसानको सङ्ख्या भने घट्दो रहेको उनको भनाइ छ । गोठालाहरूलाई प्रोत्साहन स्वरुप चुमनुब्री गाउँपालिकाले यस वर्ष घुम्ती गोठ सामग्री वितरण कार्यक्रम सञ्चालन गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो । कार्यक्रममा नौ वटा पशु फार्मका करिब १५० जना आबद्ध रहेको उहाँले जानकारी दिनुभयो ।

# हेमजा युनाइटेडको आठौँ साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ बैशाख

पोखरा महानगरपालिका-२५, हेमजामा २०७० सालमा स्थापना भई सक्रिय सामाजिक तथा खेलकुद संस्थाका रूपमा आफ्नो पहिचान बनाउन सफल हेमजा युनाइटेडको आठौँ वार्षिक साधारण सभा तथा २०८३ सालको संस्थागत वार्षिक कार्यपालिका सहितको भित्ते पात्रो विमोचन एवं खेलाडी सम्मान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।



कार्यक्रममा संस्थाका सचिव महादेव अधिकारीले आर्थिक वर्ष २०८१-८२ का संस्थागत गतिविधिहरूको समीक्षा सहित आगामी योजना प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष निराजन अधिकारीले सोही आर्थिक वर्षको आर्थिक प्रतिवेदन पेश गरेका थिए। प्रस्तुत आर्थिक प्रतिवेदन सभाबाट पारित गरिएको छ ।

साथै, हेमजा युनाइटेड अन्तर्गत सञ्चालनमा रहेको एकेडेमीको प्रतिनिधित्व गर्दै दोस्रो पोकोमेट खुला महिला फुटसल फुटबल प्रतियोगिता-२०८३ मा प्रथम स्थान हासिल गर्न सफल खेलाडीहरूलाई बधाई ज्ञापन गर्दै नगद, दोसल्ला र प्रमाणपत्रसहित विशेष सम्मान गरिएको थियो । उक्त प्रतियोगिता पोकोमेट पोखराको आयोजनामा २०८३ वैशाख ३ गतेदेखि ५ गतेसम्म सञ्चालन भएको थियो । सम्मानित खेलाडीहरूले प्राप्त सम्मानले थप उत्साह र प्रेरणा मिलेको बताएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै पोखरा महानगर कार्यपालिका सदस्य एवं वडा नं. २५, हेमजाकी कार्यवाहक अध्यक्ष धनकुमारी पोखरेल तिमिल्सिनाले हेमजा क्षेत्रमा खेलकुद विकास, युवाहरूको क्षमता अभिवृद्धि तथा सामाजिक एकतामा हेमजा युनाइटेडले खेलेको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गरिन्। साथै, वडा नं. २५ हेमजाका निवर्तमान अध्यक्ष एवं हेमजा युनाइटेडका सल्लाहकार शोभाकर तिम्सिना तथा सल्लाहकार नबराज अधिकारीले पनि शुभकामना मन्तव्य व्यक्त गर्दै संस्थाको निरन्तर प्रगतिका लागि सफलताको कामना गरेका थिए। संस्थाका अध्यक्ष कृष्णमान श्रेष्ठले आगामी दिनहरूमा अझ प्रभावकारी रूपमा खेलकुद तथा सामाजिक गतिविधिहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अध्यक्ष श्रेष्ठकै अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत सदस्य मनोज त्रिपाठीले गरेका थिए भने सञ्चालन सचिव महादेव अधिकारीले गरेका थिए। कार्यक्रममा, स्थानीय जनप्रतिनिधि, सल्लाहकार, खेलप्रेमी, बिभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि, समाजसेवी तथा सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# विश्वकप लिग-२ मा युएईमाथि नेपालको जित

रासस
काठमाडौं, १८ बैशाख

आइसिसी विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक शृङ्खलामा नेपालले शुक्रबार संयुक्त अरब इमिरेट्स (युएई)माथि जित हासिल गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेल वर्षाले प्रभावित बनेको खेलमा नेपालले युएईलाई डिएल मेथडका आधारमा छ रनले पराजित गरेको हो । डिएल मेथडका आधारमा नेपालले दिएको २५५ रनको बलियो लक्ष्य युएईले ३८ ओभरको समाप्तिमा सात विकेट गुमाउँदै २४८ रनमा समेटियो ।

युएईका लागि मुहम्मद शहदादले सर्वाधिक ६५ रनको योगदान दिए । त्यस्तै खुजैमा तनवीरले ४९ बनाए । त्यसअघि नेपालले दिएको २९० रनको लक्ष्य पछ्याइरहेको युएईले ४.१ ओभरमा एक विकेट गुमाउँदै ३६ रन जोड्दा वर्षा बाधक बनेको थियो । त्यसपछि खेल करिब ४५ मिनेट रोकिन पुग्यो र अन्तत खेललाई ३८ ओभरमा झारिएको थियो। नेपालको जितमा बलिङतर्फ सन्दीप लामिछानेले उत्कृष्ट प्रदर्शन गर्दै तीन विकेट लिए । त्यस्तै सोमपाल कामी र नन्दन यादवले समान दुई-दुई विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २८९ रनको बलियो योगफल खडा गरेको हो । नेपालका लागि दीपेन्द्रसिंह ऐरीले उत्कृष्ट ब्याटिङ गर्दै ९४ बलमा १३ चौका र एक छक्काको मद्दतमा १०० रनको शानदार शतक प्रहार गरे । उनी अन्तिम बलमा रनआउट भएका थिए । मध्यक्रममा गुल्शन झाले पनि आक्रामक खेल देखाउँदै ३८ बलमा ४४ रन जोडे । ओपनर विनोद भण्डारीले संयमित इनिङ्स खेल्दै ७९ बलमा ५६ रन बनाए भने कप्तान रोहित पौडेलले ४८ बलमा ३९ रनको योगदान दिए । अर्जुन कुमालले ११ रन बनाउँदा भीम सार्कीले खाता नै खोल्न सकेनन् । आरिफ शेखले ११ रन थपे ।

नेपालले सुरुआती ओभरमा केही दबाब झेले पनि मध्यक्रममा ऐरी र भण्डारीबीचको साझेदारीले इनिङ्स सम्हालेको थियो । युएईका लागि जुनैद सिद्दीकी र अजय कुमारले समान दुई-दुई विकेट लिए भने हैदर अली र खुजैमा तनवीरले एक-एक विकेट हात पारे ।

# चैतेधानखेती प्रवर्द्धनार्थ किसानलाई अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, १८ बैशाख

कृषि विकास कार्यालयले चैतेधान उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई ८५ प्रतिशतसम्म अनुदान प्रदान गरेको छ ।

किसानले चैतेधान लगाउन छाडेपछि यसको संरक्षणका लागि व्यावसायिक चैते धान खेती प्रवर्द्धनमा जोड दिइएको उक्त कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत पर्शुराम अधिकारीले राससलाई बताउनुभयो ।

उहाँले भन्नुभयो, "अनुदान पाएपछि किसानले उत्साहित भएर चैतधान रोपेका छन् । चैतेधानको बीउसँगै सिँचाइको व्यवस्था नभएका स्थानमा कुलो खन्नसमेत अनुदान दिइएको छ ।"

यो वर्ष तीन हजार ८०० रोपनीमा चैतेधानखेती गरिएको छ । व्यास नगरपालिका र म्याग्दे गाउँपालिकामा व्यावसायिक रूपमा चैतेधानखेती भएको छ ।